# भाग ५

## निर्वाचन आयोगको

## सूचना

निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत रुपन्देही जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ मा संवत् २०८२ साल कात्तिक १७ गते हुने उपनिर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

| क्र.सं. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०८२।०६।२१ | | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय |
| २ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०८२।०६।२१ | | १७.०० | १९.०० | ऐ.ऐ. |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०८२।०६।२२ | | १०.०० | १५.०० | ऐ.ऐ. |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०८२।०६।२२ | २०८२।०६।२३ | १५.०० (मिति २०८२।०६।२२) | १७.०० (मिति २०८२।०६।२३) | ऐ.ऐ. |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२।०६।२३ | | १७.०० | १९.०० | ऐ.ऐ. |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०८२।०६।२४ | | १०.०० | १३.०० | ऐ.ऐ. |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२।०६।२४ | | १३.०० | १५.०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२।०६।२४ | | १५.०० | १८.०० | ऐ.ऐ. |
| ९ | मतदान गर्ने | २०८२।०७।१७ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**द्रष्टव्यः**

१. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार सोही दफाको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

२. प्रचार प्रसार निषेध अवधि मतदान शुरु हुनुभन्दा ४८ घण्टा अगाडि अर्थात् २०८२ कार्तिक १४ गते राति १२.०० बजेदेखि लागू हुनेछ।

३. निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान सम्पन्न भई मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी सुरक्षित रूपमा भण्डारण भएपछि निर्वाचन अधिकृतले मतगणना कार्य शुरु गर्नेछ।

**आज्ञाले,**
**माहादेव पन्थ**
**सचिव।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।